**Sindhu Bikash Bank Ltd.**
**सिन्धु विकास बैंक लि.**
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको ईजाजत पत्र प्राप्त संस्था
(सिन्धुपाल्चोक, काभ्रे, दोलखा, चितवन र मकवानपुर जिल्ला कार्यक्षेत्र भएको)

**Head Office :** Barhabise, Sindhupalchok, Nepal
Tel: 011-489245/46/47
**Corporate Office :** Banepa, Kavre
Tel: 011-662340/41/51, Fax: 977-11-662346
E-mail: info@sindhubank.com.np
www.sindhubank.com.np

**कर्पोरेट कार्यालय बनेपा, काभ्रे**

च.नं. १२७ /२०८१/०८२ मितिः २०८१/१०/३०

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**बिषयः चौधौं तथा पन्ध्रौं बार्षिक साधारण सभाको जानकारी तथा शेयर दाखिला खारेज सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस विकास बैंकको मिति २०८१/१०/२९ गते मंगलवार बेलुका ३:३० बजे बसेको संचालक समितिको ४५० औं बैठकको निर्णय बमोजिम यस विकास बैंकको **चौधौं तथा पन्ध्रौं बार्षिक साधारण सभा** मिति २०८१/११/२८ गते बुधवार काभ्रेपलान्चोक जिल्ला, धुलिखेल स्थित होटल मिरावलमा बस्ने तथा सो प्रयोजनको लागी मिति २०८१/११/१५ गते बिहीवार १ दिन यस बैंकको शेयर नामसारी दाखिला खारेज बन्द (Book Close) रहने व्यहोरा जानकारीको लागी अनुरोध छ । साथै यस विकास बैंकको हाल कायम रहेको चुक्ता पुंजीमा २ : १ (प्रत्येक २ शेयरमा १ हकप्रद शेयर) अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रस्ताव समेत साधारण सभामा पेश गर्ने निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

बोधार्थः

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. पुतलिसडक, काठमाण्डौं ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौं ।
श्री नेपाल राष्ट्र बैंक, बैंक तथा बित्तीय संस्था नियमन बिभाग बालुवाटार, काठमाण्डौं ।
श्री नेपाल राष्ट्र बैंक, बित्तीय संस्था सुपरिवेक्षण बिभाग बालुवाटार, काठमाण्डौं ।
श्री एनआईएमबिएस क्यापिटल लि. लाजिमपाट, काठमाण्डौं ।

भवदिय,

............................
पुस्कर जि.सी
कम्पनी सचिव

## सिन्धु विकास बैंकको १४औं र १५औं वार्षिक साधारण सभा बस्ने बारे सूचना

**श्री शेयरधनी महानुभावहरु**

यस विकास बैंकको संचालक समितिको मिति २०८१/१०/२८ गते बसेको ४५० औं बैठकको निर्णय बमोजिम यस बैंकको १४औं र १५औं वार्षिक साधारण सभा निम्न उल्लेखित मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल गरि निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनि महानुभावहरुलाई सभामा सहभागी हुनका लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०८१ साल फागुन २८ गते बुधवार (तदनुसार १२ मार्च, २०२५)<br>
समय : विहान ११:०० बजे<br>
स्थान : होटल मिराबल, धुलिखेल, काभ्रेपलान्चोक ।

**छलफलका बिषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१) संचालक समितिकोतर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक बर्ष २०७९/०८० तथा आर्थिक बर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसुचीहरु उपर छलफल गरी पारित गर्ने ।

३) लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसुचीहरु उपर छलफल गरी पारित गर्ने ।

४) आ.व. २०८०/०८१ को लेखापरीक्षण सम्पन्न गर्न कम्पनी ऐन २०७३ को दफा ११३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट भएको बाह्य लेखापरीक्षक श्री सुजन काफ्ले एण्ड यसोसियट्स, चार्टर्ड एकाउण्टेण्ट्सको नियुक्ति तथा निजको पारिश्रमिकको अनुमोदन गर्ने ।

५) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०८१/८२ को लेखापरीक्षण सम्पन्न गर्न बाह्य लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने (हालका लेखापरीक्षक सुजन काफ्ले एण्ड यसोसियट्स, चार्टर्ड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ) ।

६) स्वतन्त्र सञ्चालक श्री भरत बहादुर कार्कीको नियुक्तिलाई अनुमोदन गर्ने ।

**(ख) बिशेष प्रस्तावहरु :**

१) ने.रा.बैं. निर्देशन बमोजिम प्रदेश स्तरको बिकास बैंक हुनको लागि आवश्यक न्यूनतम चुक्ता पूँजी रु. १२० (एक सय बीस) करोड पूरा गर्न पहिलो चरणमा हाल कायम रहेको चुक्ता पुँजीमा २ : १ (प्रत्येक २ शेयरमा १ हकप्रद शेयर दिने) अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

२) सिन्धु विकास बैंक र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Aquisition) गर्ने सम्बन्धमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit ) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने, गाभिने प्राप्ति गर्ने सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र आवश्यक अन्य प्रकृया पुरा गरी सो मा हस्ताक्षर गर्ने अधिकारी तोक्ने लगायतका मर्जर वा प्राप्ति सम्बन्धी अन्य आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

३) बैंकको प्रबन्धपत्र र नियमावलीमा पुंजी बृद्धि लगायतका अन्य आवश्यक संशोधन गर्न तथा नियमनकारी निकायहरुबाट थपघट फेरबदल गर्न निर्देशन भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध**

संचालक समितिको आज्ञाले<br>
कम्पनी सचिव